तुम्बेवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवा, पाँचथर

कोशी प्रदेश, नेपाल

प.सं.: ०८३/ ०८४

च.नं.:

मितिः २०८३/०६/१३

ने.सं.:११४६

**आ.व. २०८३/०८४ मा उपभोक्ता समिति मार्फत निर्माण कार्य सञ्चालनका लागि कानून बमोजिम संस्था दर्ता, सूचीकृत तथा स्थायी लेखा नम्बर (PAN) प्राप्त गर्ने सम्बन्धी सूचना।**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत निर्माण कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ। सार्वजनिक खरिद (सोह्रौँ संशोधन) नियमावली, २०८३ समेतबाट अद्यावधिक भएको सार्वजनिक खरिदसम्बन्धी कानूनी व्यवस्थाको पालना गर्दै यस तुम्बेवा गाउँपालिकाबाट आ.व. २०८३/०८४ मा उपभोक्ता समितिमार्फत निर्माण कार्य सञ्चालन गर्दा प्रचलित कानून बमोजिम दर्ता भएको, तुम्बेवा गाउँपालिका, पाँचथरको संस्था दर्ता नियमावली, २०७९ बमोजिम दर्ता/सूचीकृत भएको तथा स्थायी लेखा नम्बर (PAN) प्राप्त गरेको उपभोक्ता समितिबाट मात्र निर्माण कार्य गराउने व्यवस्था गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। यसर्थ, यस गाउँपालिका क्षेत्रभित्र रहेका तथा आ.व. २०८३/०८४ मा गाउँपालिकाबाट उपभोक्ता समितिमार्फत निर्माण कार्य सञ्चालन गर्न चाहने सम्पूर्ण उपभोक्ता समितिहरूले तपसिल बमोजिमको प्रक्रिया पूरा गर्नुहुन आह्वान गरिन्छ। साथै दश लाख रुपैँया भन्दा बढीका योजनाहरुहरु सबै बोलपत्र मार्फत गर्ने भनी मिति २०८३/०५/१७ गतेको कार्यपालिका बैठकबाट निर्णय भएकाले दश लाख रुपैँया भन्दा कमका योजनाहरु मात्र सञ्चालनका लागि मात्र उपभोक्ता समिति गठन गर्नुहुन समेत अनुरोध छ।

तपसिलः

१. प्रचलित कानून तथा तुम्बेवा गाउँपालिका, पाँचथरको संस्था दर्ता नियमावली, २०७९ बमोजिम उपभोक्ता समितिको विधान तयार गर्ने।

२. उपभोक्ता समितिको गठन, पदाधिकारी तथा सदस्यहरूको विवरण, बैठक निर्णय/माइन्युट लगायत आवश्यक कागजात व्यवस्थित गर्ने।

३. गाउँपालिकामा तोकिएको प्रक्रिया पूरा गरी उपभोक्ता समिति दर्ता/सूचीकृत गराउने र प्रमाणपत्र प्राप्त गर्ने।

४. कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथरबाट उपभोक्ता समितिको स्थायी लेखा नम्बर (PAN) प्राप्त गर्ने।

५. उपभोक्ता समिति दर्ता/सूचीकृत प्रमाणपत्र तथा PAN प्रमाणपत्रको प्रतिलिपि गाउँपालिकाको योजना शाखामा पेश गरी अभिलेख अद्यावधिक गराउने।

६. गाउँपालिकाबाट माग गरिएका अन्य आवश्यक कागजात तथा विवरण समयमै पेश गर्ने।

**विशेष जानकारीः** उपर्युक्त प्रक्रिया पूरा नगरेका, गाउँपालिकामा सूचीकृत नभएका वा स्थायी लेखा नम्बर (PAN) प्राप्त नगरेका उपभोक्ता समितिबाट आ.व. २०८३/०८४ मा गाउँपालिकाको निर्माण कार्य सञ्चालन/सम्झौता नगरिने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ। उपभोक्ता समितिहरूले आवश्यक प्रक्रिया पूरा गर्न सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकाको सम्बन्धित शाखासँग समन्वय गरी समयमै कार्य सम्पन्न गर्नुहुन समेत अनुरोध छ।

.........................

कुल प्रसाद पराजुली

प्रमुख प्रशासकीय अधिकृत